# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, कार्तिक १४ गते, २०७८ साल (अतिरिक्ताङ्क १६

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको सूचना

### प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) (प्रथम संशोधन) नियमावली, २०७८

प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो नियमावली बनाएको छ।

१. <u>संक्षिप्त, नाम र प्रारम्भः</u> (१) यो नियमावलीको नाम **"प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) (प्रथम संशोधन) नियमावली, २०७८"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>नियम २ मा संशोधनः</u> प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) नियमावली, २०७८ (यस पछि मूल नियमावली भनिएको) को नियम २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थप गरिएको छः-

"(घ१) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।"

३. <u>नियम ३ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ३ मा रहेको "जिल्लाको" भन्ने शब्द हटाईएको छ।

४. <u>नियम ८ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ८ को उपनियम (४) मा रहेको अङ्क "१५" को सट्टा "पन्ध्र" भन्ने शब्द राखिएको छ।

(२) मूल नियमावलीको नियम ८ को उपनियम (५) पछि देहायको उपनियम (६) थप गरिएको छः-

"(६) उपनियम (३) को खण्ड (च) बमोजिम स्थानीय तहले लागत साझेदारी गर्ने भएमा कम्तीमा पच्चीस प्रतिशत लागत व्यहोर्ने गरी लागत साझेदारी गर्न सक्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) मूल नियमावलीको नियम ८ को उपनियम (७) मा रहेको "तोकि" भन्ने शब्दको सट्टा "समेत उल्लेख गरी" भन्ने शब्दावली राखिएको छ।

(४) मूल नियमावलीको नियम ८ को उपनियम (१०) मा रहेको "कार्यालयबाट" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहबाट" भन्ने शब्दहरु राखिएका छन्।

(५) मूल नियमावलीको नियम ८ को उपनियम (१३) मा रहेको "कार्यालयको" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहको" भन्ने शब्दावली राखिएको छ।

५. **<u>नियम ९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ९ को उपनियम (२) मा रहेको "कार्यालयले" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहले" भन्ने शब्दावली राखिएको छ।

६. **<u>नियम १० मा संशोधनः</u>** (१) मूल नियमावलीको नियम १० को उपनियम (१) मा रहेको "हुने कार्यालय" भन्ने शब्दहरुको सट्टा "गर्ने कार्यालय वा स्थानीय तह" भन्ने शब्दावली राखिएको छ।

(२) मूल नियमावलीको नियम १० को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त हुनासाथ आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयलाई कार्यक्रमको विवरण र अख्तियारी सहित लेखी पठाउनु पर्नेछ र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमको हकमा निश्चित रकम सम्बन्धित स्थानीय तहमा सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण हुने व्यवस्था

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

मिलाउनु पर्नेछ र सोको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई समेत दिनु पर्नेछ।"

(३) मूल नियमावलीको नियम १० को उपनियम (३) मा रहेको "प्रमुखको" भन्ने शब्दको सट्टा "वा स्थानीय तहको" भन्ने शब्दावली राखिएको छ।

(४) मूल नियमावलीको नियम १० को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) उपनियम (२) बमोजिम छनौट भई आएका कार्यक्रम सम्बन्धित स्थानीय तहले कार्यान्वयन नगरेमा प्रदेश सरकारबाट दिइने अनुदान कटौती हुन सक्नेछ र कार्यालयले कार्यान्वयन नगरेमा कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ र त्यस्तो कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले बैकल्पिक व्यवस्था गर्न सक्नेछ।"

७. <u>नियम १२ मा संशोधनः</u> मूल नियमावलीको नियम १२ को उपनियम (१) र (३) मा रहेको "कार्यालयले" भन्ने शब्दहरुको सट्टा "कार्यालय वा स्थानीय तहले" भन्ने शब्दावली राखिएको छ।

८. <u>नियम १३ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम १३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यस नियमावली बमोजिम स्वीकृत कार्यक्रम सञ्चालन गर्न अख्तियारी बमोजिमको रकम निकासा लिई खर्च गर्ने र श्रेस्ता राख्ने सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ र स्थानीय तहको हकमा कार्यक्रम सञ्चालनका लागि प्राप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

बजेट खर्च गर्ने र श्रेस्ता राख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।"

(२) मूल नियमावलीको नियम १३ को उपनियम (२) मा रहेको "कार्यालयले" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहले" भन्ने शब्दावली राखिएको छ।

९. **नियम १४ मा संशोधनः** (१) मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेको "कार्यालयमा" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहमा" भन्ने शब्दावली राखिएको छ।

(२) मूल नियमावलीको नियम १४ को उपनियम (४) मा रहेको "सम्बन्धित कार्यालय वा" भन्ने शब्दहरुको पछि "स्थानीय तह र" भन्ने शब्दहरु थप गरिएको छ।

(३) मूल नियमावलीको नियम १४ को उपनियम (५) मा रहेको "प्रमुखको" भन्ने शब्दको सट्टा "वा स्थानीय तहको" भन्ने शब्दहरु राखिएको छ।

१०. **नियम १५ मा संशोधनः** (१) मूल नियमावलीको नियम १५ को उपनियम (१) मा रहेको "कार्यालयमा" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहमा" भन्ने शब्दहरु राखिएको छ।

(२) मूल नियमावलीको नियम १५ को उपनियम (२) मा रहेको "कार्यालयको प्रमुखले" भन्ने शब्दावलीको सट्टा "कार्यालय वा स्थानीय तहले" भन्ने शब्दावली राखिएको छ।

(३) मूल नियमावलीको नियम १५ को उपनियम (४) मा रहेको "कार्यालय प्रमुखले" भन्ने शब्दावलीको सट्टा "कार्यालय वा स्थानीय तहले" भन्ने शब्दावली राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

११. **<u>नियम १६ मा संशोधनः</u>** (१) मूल नियमावलीको नियम १६ को उपनियम (१) को खण्ड (ख) मा रहेको "कार्यालयलाई" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहलाई" भन्ने शब्दावली राखिएको छ।

(२) मूल नियमावलीको नियम १६ को उपनियम (३) मा रहेको "कार्यालयमा" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहमा" भन्ने शब्दावली राखिएको छ।

(३) मूल नियमावलीको नियम १६ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) उपनियम (१) को खण्ड (ग) बमोजिमको प्रतिनिधिले आफूले सम्पादन गरेको कामको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित कार्यालय वा स्थानीय तह र मन्त्रालयमा पेश गर्नु पर्नेछ।"

१२. **<u>नियम १७ मा संशोधनः</u>** (१) मूल नियमावलीको नियम १७ को उपनियम (१) मा रहेको "कार्यालयको प्रमुखले" भन्ने शब्दावलीको सट्टा "कार्यालय वा स्थानीय तहले" भन्ने शब्दावली राखिएको छ।

(२) मूल नियमावलीको नियम १७ को उपनियम (२) मा रहेको "कार्यालयको प्रमुखले" भन्ने शब्दावलीको पछि "वा स्थानीय तहले" भन्ने शब्दावली राखिएको छ।

१३. **<u>नियम १८ मा संशोधनः</u>** मूल नियमावलीको नियम १८ मा रहेको "कार्यालयको" भन्ने शब्दको सट्टा "कार्यालय वा स्थानीय तहको" भन्ने शब्दावली राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ९

१४. <u>अनुसूची-२ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

"अनुसूची-२

(नियम ८ को उपनियम (४) सँग सम्बन्धित)

**सदस्य सचिवले मन्त्रालयमा पठाउनु पर्ने विवरण**

जिल्लाः प्रदेश निर्वाचन क्षेत्रः आर्थिक वर्षः

| क्र.सं. | आयोजनाको नाम | कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय वा स्थानीय तह | कार्यक्रम सञ्चालन हुने | | | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | स्थानीय तहको नाम | टोल | वडा नं. | | |
| १ | | | .... पालिका | | | | |
| २ | | | .... पालिका | | | | |
| ३ | | | .... पालिका | | | | |
| ४ | | | .... पालिका | | | | |
| ५ | | | .... पालिका | | | | |
| ६ | | | .... पालिका | | | | |
| ७ | | | .... पालिका | | | | |
| | | | | | **जम्मा** | | |

हस्ताक्षरः

नामः

प्रदेश सभा सदस्य"

**स्वीकृत मितिः-** २०७८/०७/१४

**आज्ञाले,**

**किशोर कुमार चौधरी**

**प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १